केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०३/०८३/८४

मिति : २०८३/०६/०८

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

२०८३/०६/०८

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(१०) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, लाजिम्पाट ।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।

## यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | इ.प्रा.निर्देशन नं. १/०८२ को बुँदा १ मा संशोधन । | * वाणिज्य बैंकहरुले आ.व २०८०/८१ देखि Capital Adequacy Framework 2015 मा व्यवस्था भएबमोजिमको Countercyclical Buffer कायम गर्नुपर्नेछ ।<br><br>आ.व २०८२/८३ का लागि यस्तो Buffer शून्य प्रतिशत रहने छ । | * वाणिज्य बैंकहरुले आ.व २०८०/८१ देखि Capital Adequacy Framework 2015 मा व्यवस्था भएबमोजिमको Countercyclical Buffer कायम गर्नुपर्नेछ ।<br><br>**आ.व २०८३/८४ का लागि यस्तो Buffer शून्य प्रतिशत रहने छ ।** |
| २. | इ.प्रा. निर्देशन नं. ८/०८२ को बुँदा नं. १ मा संशोधन । | १. लगानी नीति तथा कार्यविधि स्वीकृत गराएर मात्र लागू गर्नु पर्ने<br><br>सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्र तथा संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चरमा गरिने लगानी सम्बन्धी नीति तथा कार्यविधि सञ्चालक समितिबाट स्वीकृत गराएर मात्र लागू गर्नु पर्नेछ । | **१. लगानी नीति तथा कार्यविधि स्वीकृत गराएर मात्र लागू गर्नुपर्ने**<br><br>**इजाजतपत्रप्राप्त संस्थाले सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्र तथा संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चरलगायतका उपकरणहरुमा गरिने लगानी सम्बन्धी नीति तथा कार्यविधिमा Speculative Risk न्यूनीकरण हुने गरी कम्तीमा देहायका विषयहरु समावेश गरी आफ्नो सञ्चालक समितिबाट स्वीकृत गराएर मात्र लागू गर्नुपर्नेछ ।**<br><br>**अ) नीतिगत व्यवस्था सम्बन्धी विषयहरु**<br><br>**क) लगानीको उद्देश्य तथा रणनीति,**<br><br>**ख) लगानी गर्न सकिने शेयर, डिबेञ्चरलगायतका उपकरणहरु,**<br><br>**ग) लगानी उपकरणलाई बैंकिङ बुक र ट्रेडिङ बुकमा वर्गीकरण,**<br><br>**घ) Acceptable and Unacceptable Investments,** |

# यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | ङ) **Eligible Counterparties,**<br>च) लगानीको उपकरण अनुसारको न्यूनतम र अपेक्षित होल्डिङ अवधि,<br>छ) सर्वसाधारणमा शेयर बिक्री गरी धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा ४५ दिनभन्दा बढी अवधिका लागि मात्र लगानी गर्न पाइने व्यवस्था । यस बाहेक कुनै पनि किसिमको प्रबन्धबाट संगठित संस्थाको शेयर तथा डिबेञ्चरमा अल्पकालीन लगानी गर्न नपाउने व्यवस्था,<br>ज) लगानी सम्बन्धी निर्णय तथा कारोबारमा आफ्नो स्वामित्वमा रहेका सहायक कम्पनी (Subsidiary Company), उल्लेख्य स्वामित्व रहेका शेयरधनीहरु र Risk Taker सँग स्वार्थको द्वन्द्व (Conflict of Interest) नहुने व्यवस्था गरी सोको पहिचान, अनुगमन, नियन्त्रण र रिपोर्टिङ गर्ने सम्बन्धमा अवलम्बन गर्ने विधि र प्रक्रिया,<br>झ) लगानी स्वीकृत गर्ने स्पष्ट प्रक्रिया तथा अख्तियारी सम्बन्धी व्यवस्था र लगानी कारोबार गर्न तोकिएको अधिकारीले लगानी गर्न सक्ने सीमा सम्बन्धी व्यवस्था,<br>ञ) लगानी गर्न अख्तियारी प्राप्त अधिकारीको क्षमता अभिवृद्धि गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था,<br><br>आ) जोखिम व्यवस्थापन सम्बन्धी विषयहरु<br>क) लगानीमा संलग्न ALCO लगायतका विभिन्न समिति तथा इकाईहरुको स्पष्ट कार्य विभाजन र जिम्मेवारी, |

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | ख) **Trading Strategy, Risk Appetite and Limits** तथा **Take Profit/Stop Loss Triggers and Limits,**<br>ग) **Investment Exposure** तथा **Concentration Limits,**<br>घ) **Daily Mark to Market (Trading Book),**<br>ङ) दबाब परीक्षण (**Stress Testing**) लगायतका अन्य बजार जोखिम मापन गरी व्यवस्थापन गर्ने विधि, प्रक्रिया र मोडलहरु,<br>च) लगानीबाट उत्पन्न हुन सक्ने बजार जोखिम, तरलता जोखिम तथा अन्य जोखिमको पहिचान, मापन, अनुगमन, व्यवस्थापन, नियन्त्रण र रिपोर्टिङको सम्बन्धमा अबलम्बन गर्ने विधि र प्रक्रिया,<br>छ) वित्तीय उपकरणको **Issuer** को नियमित रुपमा **Internal Risk Rating** गर्ने व्यवस्था,<br>ई) रिपोर्टिङ सम्बन्धी विषयहरु<br>क) **Management Reports, Breach Report** लगायतका रिपोर्टहरु<br>ख) **Audit Trails/Logs/Records**<br>साथै, यसरी तयार गरिएको नीति तथा कार्यविधि यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा तोकिएबमोजिम पेश गर्नु पर्नेछ। |
| ३. | इ.प्रा. निर्देशन नं. ८/०८२ को बुँदा नं. ३ को उपबुँदा | (१) सर्वसाधारणमा शेयर बिक्री गरी धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको संगठित | इ.प्रा. निर्देशन नं. ८/०८२ को बुँदा नं. ३ को उपबुँदा (१)मा संशोधन गरी इ.प्रा. निर्देशन नं. ८/०८२ को बुँदा नं. १ मा समायोजन गरिएको। |

<table>
<tr><th>क्र.सं.</th><th>व्यवस्था नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr><td></td><td>(१) लाई समायोजन गरी क्रमसंख्या मिलान गरिएको ।</td><td>संस्थाको शेयर तथा डिबेञ्चरमा ६ महिनाभन्दा बढी अवधिको लागि मात्र लगानी गर्न पाइनेछ । बैंक तथा वित्तीय संस्थाले कुनै पनि किसिमको प्रबन्धबाट संगठित संस्थाको शेयरमा अल्पकालीन लगानी गर्न पाउने छैनन् ।</td><td></td></tr>
<tr><td>४.</td><td>इ.प्रा.निर्देशन नं. ८/०८२ सँग सम्बन्धित अनुसूची मा ने.रा. बैंक निर्देशन फा.नं. ८.४ (क) र (ख) थप ।</td><td>हाल नरहेको ।</td><td>
ने.रा. बैंक निर्देशन फा.नं. ८.४ (क)<br>
इजाजतपत्रप्राप्त संस्थाको लगानी विवरण (बैंकिङ बुक)<br>
(मासिक)<br>
२० ......साल ............महिना<br>
(रु हजारमा)
<table>
<tr><th>क्र.सं.</th><th>कम्पनीको नाम</th><th>लगानीको उपकरण</th><th>लगानी मिति</th><th>लगानी रकम</th><th>बिक्री मिति</th><th>बिक्री रकम</th><th>नाफा/नोक्सान रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कुल</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
मिति      अधिकृतको नाम र दस्तखत
</td></tr>
</table>

## यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख”, “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप

<table>
<tr><th>क्र.सं.</th><th>व्यवस्था नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr><td></td><td></td><td></td><td>
ने.रा. बैंक निर्देशन फा.नं. ८.४ (ख)
इजाजतपत्रप्राप्त संस्थाको लगानी विवरण (ट्रेडिङ बुक)
(मासिक)
२० ......साल ............महिना
(रु हजारमा)
<table>
<tr><th>क्र.सं.</th><th>कम्पनीको नाम</th><th>लगानीको उपकरण</th><th>लगानी मिति</th><th>लगानी रकम</th><th>बिक्री मिति</th><th>बिक्री रकम</th><th>नाफा/नोक्सान रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कुल</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
मिति                      अधिकृतको नाम र दस्तखत
</td></tr>
</table>